नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार,
काठमाडौं, नेपाल
टेलिफोन ४२११५६१, ४२६४६८६
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४

पत्र संख्या ०६६/०६६
पाप्त पत्र संख्या र मिति:-
च.नं - ९६९६

मितिः २०७७।०३।११

विषयः बैंकिङ्ग प्रणालीबाट भत्ता वितरण गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा चालु आ.व.२०७६/७७ को बजेट वक्तव्यको बुँदा नं २३८ मा "सरकारी निकायबाट नागरिकलाई प्रदान गरिने आर्थिक सुविधा लगायत सबै प्रकारका भुक्तानी बैंक खाता मार्फत मात्र गरिनेछ" भन्ने व्यवस्था रहेको छ भने नेपाल सरकारको आ.व. २०७३/७४ बजेट वक्तव्यबाट "सबै प्रकारका सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट वितरण गर्नुपर्नेछ" भन्ने नीतिगत व्यवस्था गरेको थियो। नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र विश्व बैंकको ऋण सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन भईरहेको छ । सो आयोजनाको सोधभर्ना सूचकमा कम्तिमा १९० वटा स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत गर्नुपर्ने शर्त रहेको छ। परम्परागत प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा यदाकदा रकम लक्षित नागरिक सम्म नपुगेको, दुरूपयोग भएको र जालसाजी सम्मका अपराधहरू हुने गरेको अवस्थालाई प्रणालीमै सुधार गरी आधुनिक, विश्वसनीय र सुविधाजनक बैंकिङ्ग प्रणाली अपनाई सामाजिक सुरक्षा भत्ता वास्तविक हकदार सम्म पुर्याउन अत्यन्त जरुरी छ।

सो अनुरूप कतिपय स्थानीय तहहरूमा बैंक खाता मार्फत भत्ता वितरणको कार्य हुँदै आएको छ भने कतिपय स्थानीय तहहरूबाट बैंकिङ्ग प्रणाली मार्फत भत्ता वितरण नगरी पुरानै भरपाई प्रणालीको व्यवस्थालाई जारी राख्दा अनेकौं समस्याहरूको सामना गर्नु गरपरिरहेको अवस्था छ। सरकारको उल्लिखित नीतिगत व्यवस्थालाई कार्यान्वयनमा ल्याउनुपर्ने जिम्मेवारी अनुरुप सबै स्थानीय तहहरूले सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्नुपर्ने अनिवार्यता रहेकोछ। अतः सामाजिक सुरक्षा भत्ता वितरण गर्दा विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति,२०७४ (प्रथम संसोधन) को अनुसूची -४ अनुरूपको ढाँचामा बैंकसँग सम्झौता गरी आगामी आर्थिक आ.व. २०७७/०७८ को पहिलो चौमासिक देखि अनिवार्य रूपमा सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत वितरणको व्यवस्था मिलाउनु हुन अनुरोध छ । साथै बैंक वा वित्तीय संस्थासँग संझौता भईसकेको भए सो को प्रतिलिपि तथा नभएको भए यथाशिघ्र संझौता गरी सो को प्रतिलिपि विभागमा पठाईदिनुहुन समेत अनुरोध छ।

बिष्णु लामिछाने
निर्देशक

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np,
URL:www.donidcr.gov.np